# भवन र निर्माण उद्योग
# कामदारको मार्गदर्शन

## दीर्घ सेवाको बिदा भनेको के हो?

दीर्घ सेवाको बिदा अधिकांश एन.एस.डब्ल्यु. का कामदारहरूका लागि उपलब्ध एउटा हक हो, जसमा उनीहरूले एउटै रोजगारदातासँग लगातार १० वर्ष काम गरेपछि दुई (२) महिनाको तलब आउने बिदा लिन सक्छन्। त्यसपछि प्रत्येक पाँच (५) वर्षको सेवा पछि एक (१) महिनाको तलब आउने बिदा लिन सक्छन्।

एन.एस.डब्ल्यु. मा दीर्घ सेवाको बिदाको योग्यता र बिदा प्रदान गर्ने सर्तहरू दीर्घ सेवाको बिदा ऐन १९५५ द्वारा शासित छन् र औद्योगिक सम्बन्धहरूद्वारा प्रशासित छन्।

## सार्न मिल्ने (पोर्टेबल) दीर्घ सेवा भनेको के हो?

दीर्घ सेवा निगम (एल.एस.सी.) ले एन.एस.डब्ल्यु. का भवन र निर्माण उद्योगमा न्यूनतम १० वर्ष अभिलेख गरिएको सेवा गरेका कामदारहरूलाई दीर्घ सेवाको भुक्तानी प्रदान गर्दछ, त्यसपछि अभिलेख गरिएको सेवाको प्रत्येक पाँच (५) वर्षमा, जसमा उनीहरूले धेरै रोजगारदाताहरूसँग वा ठेकेदारको रूपमा काम गरेका छन् भन्ने कुराले फरक पार्दैन।

एन.एस.डब्ल्यु. मा एकमुष्ट दीर्घ सेवाको भुक्तानीको योग्यता र भुक्तानी प्रदान गर्ने सर्तहरू भवन र निर्माण उद्योगको दीर्घ सेवाको भुक्तानीहरूको ऐन १९८६ नम्बर १९ द्वारा शासित छन्। थप जानकारीको लागि योजनाको सिंहावलोकन हेर्नुहोस्।

## भिन्नता के छ त?

दुवै ऐन अन्तर्गत हकका लागि योग्य कामदारहरूले आफ्नो रोजगारदाता मार्फत तलब आउने बिदा वा एल.एस.सी. बाट एकमुष्ट भुक्तानी लिने छनौट गर्न सक्छन्। कामदारले कसरी लिन रोज्छन् र कहिले भन्ने आधारमा भुक्तान हुने रकम फरक हुनेछ।

दीर्घ सेवाको बिदा ऐन १९५५ अन्तर्गत आफ्नो रोजगारदाताबाट हक प्राप्त गरेका कामदारहरू सोहि अवधिको लागि एल.एस.सी. बाट अधिकार दावी गर्न योग्य हुँदैनन्।

सुपरएन्युएसन र अतिरेक (रिडन्डेन्सी) लाई प्रायः दीर्घ सेवाको हकको रूपमा मान्ने गल्ती गरिन्छ, यद्यपि तिनीहरू एउटै भने होइनन्।

## यसले कसरी काम गर्छ?

एन.एस.डब्ल्यु. मा योग्य भवन र निर्माणको काम गरिरहेका कर्मचारीहरूका लागि रोजगारदाताहरूले एल.एस.सी. सँग सेवा दर्ता र अभिलेख गर्न आवश्यक छ। रोजगारदाताका दायित्वहरूबारे थप जानकारीको लागि तपाईंका कानूनी दायित्वहरू हेर्नुहोस्।

ठेकेदारहरूले दर्ता भएका कर एजेन्टलाई सेवाको स्व-रोजगार कामदार प्रमाणपत्र प्रत्येक आर्थिक वर्ष दर्ता गर्न लगाउनुपर्छ।

अभिलेख गरिएको सेवाको एक वर्ष २२० दिन बराबरको हुन्छ। यो सप्ताहन्त, वार्षिक बिदा, बिरामी बिदा, सार्वजनिक बिदा र उद्योगका वनभोजका दिनहरू घटाएर गणना गरिन्छ। थप जानकारीको लागि सेवा क्रेडिटहरू पाउने हेर्नुहोस्।

## यसको लागि कति पर्छ?

रोजगारदाता वा कामदारहरूलाई कुनै खर्च लाग्दैन किनभने योजनालाई एन.एस.डब्ल्यु. मा भवन र निर्माणका कार्यमा लगाइने शुल्कद्वारा वित्त पोषित गरिएको छ जहाँ कामको लागत $२५०,००० र सो भन्दा धेरै छ र भवनको काम गराउने व्यक्तिद्वारा भुक्तानी गरिन्छ। थप जानकारीको लागि दीर्घ सेवा शुल्क हेर्नुहोस्।

## मैले के गर्नु पर्छ?

**कामदारको दर्ता नम्बर** – जब तपाईं नयाँ काम सुरू गर्नुहुन्छ, तपाईंले आफ्नो एल.एस.सी. कामदार दर्ता नम्बर र आफ्नो व्यक्तिगत इमेल ठेगाना आफ्नो रोजगारदातालाई प्रदान गर्न आवश्यक छ ताकि उनीहरूले तपाईंका लागि प्रत्येक वर्ष सेवाको अभिलेख राख्न सक्छन्। यदि तपाईं ठेकेदार हुनुहुन्छ भने तपाईंको कर एजेन्टले तपाईंको सेवाको अभिलेख राख्न आवश्यक छ। थप जानकारीको लागि योजनामा सामेल हुने हेर्नुहोस्।

**वार्षिक विवरण** – तपाईंको वार्षिक विवरण कामदार पोर्टल मार्फत प्रत्येक आर्थिक वर्ष उपलब्ध गराइन्छ। तपाईंले आफ्नो सबै योग्य एन.एस.डब्ल्यु. को भवन र निर्माणको कामको अभिलेख गरिएको छ भनी सुनिश्चित गर्न आफ्नो वार्षिक विवरण जाँच गर्नु महत्त्वपूर्ण छ। थप जानकारीको लागि वार्षिक विवरणहरू हेर्नुहोस्।

यदि तपाईं एउटा भन्दा बढी वार्षिक विवरणको सूचना प्राप्त गर्नुहुन्छ भने, सामान्यतया यसको मतलब तपाईंसँग एउटा भन्दा बढी दर्ता भएको भन्ने हुन्छ। यदि तपाईंसँग एउटा भन्दा बढी दर्ता नम्बर छ भने, तपाईंले हामीलाई कामदार पोर्टल मार्फत थाहा दिन सक्नुहुन्छ वा हामीलाई अनलाइन सम्पर्क गर्नुहोस्।

**कामदार पोर्टल** – कुनै पनि समयमा आफ्नो अभिलेख गरिएको सेवा जाँच गर्न पोर्टल पहुँच गर्नको लागि दर्ता गर्नुहोस् र तपाईंको सम्पर्क विवरणहरू सही छन् भनी सुनिश्चित गर्नुहोस्। दर्ता गर्न www.longservice.nsw.gov.au/online-services मा हेर्नुहोस्।

**तपाईंको अभिलेख गरिएको सेवाको जाँच गर्नुहोस्** – तपाईंको सबै एन.एस.डब्ल्यु. का भवन र निर्माणको काम सही रूपमा अभिलेख गरिएको छ भनी सुनिश्चित गर्नुहोस्। यदि तपाईं काम गर्न असमर्थ हुनुभएको छ भने, तपाईं गैर-सेवाका दिनहरू, विशेष क्रेडिटहरू वा दीर्घ सेवाको भुक्तानीको लागि योग्य हुनुहुन्छ कि भनेर जाँच गर्नुहोस्। यदि तपाईंको पाँच (५) वर्ष भन्दा कम सेवाको अभिलेख गरिएको छ र चार (४) वर्षको लागि कुनै सेवाको अभिलेख गरिएको छैन भने, तपाईंको दर्ता रद्द हुन सक्छ। सम्भावित रद्दीकरण रोक्नको लागि, तपाईंले हामीलाई आफ्ना परिस्थितिहरूबारे अद्यावधिक राख्न आवश्यक छ। थप जानकारीको लागि दर्ता रद्द गर्ने हेर्नुहोस्।

## समेटिएका कामको प्रकार

योग्य कामदारहरू कर्मचारी र ठेकेदारहरू हुन् (चाहे ती कर्मचारी, ठेकेदार, प्रशिक्षु, क्याजुअल (कार्य समय नतोकिएको) वा भाडाका श्रमदार हुन्) जसले एन.एस.डब्ल्यु. मा भवन र निर्माण उद्योगमा काम गर्छन्।

कामदारहरूले निम्न तीन (३) भागको परीक्षण पूरा गर्न आवश्यक छ:

१. निजी क्षेत्रमा हुनुपर्छ
२. भवन र निर्माण उद्योगको दीर्घ सेवाको भुक्तानीहरूको ऐन १९८६ नम्बर १९ द्वारा परिभाषित गरिए अनुसारको भवन र निर्माणको उद्योगमा एन.एस.डब्ल्यु. मा काम गर्नुपर्छ
३. भवन र निर्माण उद्योगको दीर्घ सेवाको भुक्तानीहरूको नियमावली २०२२ मा तोकिएको तलब (अवार्ड) अन्तर्गतको तलबको दर निर्धारण गरिएको काम गरेको हुनुपर्छ।

याद राख्नुहोस् यदि कुनै प्रकारको काममा तोकिएको तलब (अवार्ड) मा भुक्तानीको दर रहेको छ भने, यसले कामलाई स्वतः योजनाको लागि योग्य बनाउँदैन, कामले तीन (३) भागको परीक्षण पास गर्नुपर्छ। थप जानकारीको लागि समेटिएका कामका प्रकार हेर्नुहोस्।

## राष्ट्रमण्डलका स्थानहरूमा गर्ने काम

राष्ट्रमण्डलका स्थानहरू राष्ट्रमण्डल सरकारको क्षेत्राधिकार अन्तर्गत पर्ने भएकाले, राष्ट्रमण्डलका स्थानहरूमा सञ्चालन गरिएको काम एल.एस.सी. द्वारा प्रशासित एन.एस.डब्ल्यु. भवन र निर्माण उद्योगको दीर्घ सेवाको भुक्तानीहरूको ऐन अन्तर्गत क्रेडिट गर्न सकिँदैन र हामी यसलाई समाधान गर्न राष्ट्रमण्डल सरकारसँग मिलेर काम गरिरहेका छौँ। थप जानकारीको लागि राष्ट्रमण्डलका स्थानहरू हेर्नुहोस्।

## एन.एस.डब्ल्यु. बाहिर काम गर्दा

प्रत्येक राज्य र क्षेत्रको आफ्नै सार्न मिल्ने (पोर्टेबल) योजना छ। एन.एस.डब्ल्यु. बाहिर भवन र निर्माणको काम गर्ने कामदारहरूले काम भएको राज्य वा क्षेत्रसँग सेवा क्रेडिटहरू दर्ता गर्न र अभिलेख गर्न योग्य हुन सक्छन्। थप जानकारीको लागि एन.एस.डब्ल्यु. बाहिर काम गर्दा हेर्नुहोस्।

## मैले भुक्तानीको लागि कहिले आवेदन दिन सक्छु?

तपाईंले दीर्घ सेवाको भुक्तानीको लागि न्यूनतम यो समय पछि आवेदन दिन सक्नुहुन्छ:

- १० वर्षको सेवा, र त्यसपछि प्रत्येक पाँच (५) वर्ष पछि, र उद्योगमै रहेको
- ५ वा सोभन्दा बढी वर्षको सेवा अभिलेख गरिएको, र उद्योगमा स्थायी रूपमा काम छोडेको
- ५५ वा सो भन्दा बढी दिनको सेवा अभिलेख गरिएको, र उद्योगमा कामको लागि पूर्ण र स्थायी रूपमा असक्षम भएको
- ५५ वा सो भन्दा बढी दिनको सेवा अभिलेख गरिएको, र ५५ वा सो भन्दा बढी उमेरमा उद्योगबाट सेवानिवृत्त भएको
- ५५ वा सोभन्दा बढी दिनको सेवा अभिलेख गरिएको, उद्योगबाट सेवानिवृत्त भएको, र एक दिग्गजको पेन्सन दिइएको
- देहान्त भएका कामदारको नजिकको आफन्त वा इस्टेटले न्यूनतम ५५ दिनको सेवा अभिलेख भएको बेलामा दावी गर्न सक्छन्।

यो सबै राज्य र क्षेत्रहरूभरि अभिलेख गरिएको सेवाको संयोजन हुन सक्छ, यद्यपि जहाँ सबैभन्दा हालको सेवाको अभिलेख गरिएको छ, त्यहाँ भुक्तानीको लागि आवेदन जारी गरिनुपर्छ र योजनामा दर्ता गरिनुपर्छ। थप जानकारीको लागि दीर्घ सेवाको भुक्तानी हेर्नुहोस्।

## छुटेको सेवा

तपाईंले कामदार पोर्टलमा विगतको कामको पहिचान गर्नको लागि आवेदन दिन सक्नुहुन्छ र उपयुक्त प्रमाणहरू प्रदान गर्न सक्नुहुन्छ। थप जानकारीको लागि उपयुक्त प्रमाण हेर्नुहोस्।

**महत्त्वपूर्ण** – रोजगारी प्रमाणित गर्ने कागजातले निम्न सबैलाई सन्तुष्ट पार्ने उपयुक्त प्रमाण देखाउनुपर्छ:

१. **आवेदन गरिएको अवधिमा गरिएको काम** – तपाईंले गर्नुभएको कामको प्रकारको वर्णन
२. **आवेदन गरिएको अवधि भरिको रोजगारी** – सम्पूर्ण रोजगारको अवधि (प्रत्येक आर्थिक वर्ष भरिको रोजगारीको प्रमाण समावेश गरेर)
३. **रोजगारदाताका विवरणहरू** – रोजगारदाताको नाम र ए.बी.एन.
४. **कामदारका विवरणहरू** – तपाईंको नामथर।

## पुनरावेदनहरू

कामदारहरू वा देहान्त भएका कामदारका व्यक्तिगत प्रतिनिधिहरूले एल.एस.सी. द्वारा गरिएका निश्चित निर्णयहरू विरूद्ध स्वतन्त्र भवन र निर्माण दीर्घ सेवा भुक्तानीहरूको समितिमा पुनरावेदन गर्न सक्छन्, जस्तै:

- कामदारको सेवा अस्वीकार हुँदा
- कामदारको दर्ता अस्वीकार वा रद्द हुँदा
- सेवाका क्रेडिटहरू थप्न अस्वीकार हुँदा।

निम्न निर्णयहरूका लागि पुनरावेदन गर्ने अधिकार हुँदैन:

- दीर्घ सेवाको भुक्तानीमा लागू भएको भुक्तानीको दर (दफा.५०क अन्तर्गत प्रदान गरिएको बाहेक)
- कामदार दर्ता अघिको समयमा सार्न अस्वीकार गरिएको
- रद्द गरिएको दर्ता पुनर्स्थापना गर्न अस्वीकार गरिएको
- दावी पछि दर्ता रद्द गरिएको (काम छोडेको, चिकित्सा असक्षमता, उमेरका कारणले सेवानिवृत्ति पाएको, देहान्त भएको) वा स्वैच्छिक तरिकाले रद्द गरिएको
- कामदार दर्ता भएको मिति अघिको कामको अवधिको लागि सेवा क्रेडिट गर्न अस्वीकार गरिएको
- स्थिति सक्रिय नभएको बेला कामदारको अभिलेखमा सेवा क्रेडिट गर्न अस्वीकार गरिएको
- सेवाको संरक्षणका अनुरोधहरू स्वीकार गर्न अस्वीकार गरिएको।

निर्णयको सूचना दिइएको मितिको ४२ दिन भित्र पुनरावेदन दायर गरिनुपर्छ।

यदि समितिका अध्यक्षले असाधारण परिस्थितिहरू रहेका छन् भनेर विचार गरेमा उनीहरूले एल.एस.सी. को निर्णयको सूचना दिइएको छ (६) महिना भित्र पुनरावेदन स्वीकार गर्न सक्नेछन्। निर्णयको सूचना दिइएको मितिको छ (६) महिना भन्दा बढी समय पछि पुनरावेदन गर्न सकिँदैन। थप जानकारीको लागि निगमका निर्णयहरूको पुनरावेदन गर्ने हेर्नुहोस्।